# तानसेन महानगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
# तानसेन, पाल्पा
## सौंय सडक बत्ति आपूर्ति तथा जडान सम्बन्धि सिलबन्दी बोलपत्र आव्हानको सूचना
**प्रकाशित मिति २०७४/१२/०९**

तानसेन नगरपालिका कार्यालयको चालु आ.व. २०७४/०७५ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल वमोजिमको सौर्य सडक बत्ती जडान कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र पुस्तिका मिति २०७५/०१/०९ गते सम्म कार्यालय समयभित्र कम्पनी वा फर्म सञ्चालकको नागरिकताको प्रतिलिपि, आ.व.०७४/०७५ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र तथा आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रहरुको प्रतिलिपि एक/एक प्रति संलग्न राखी निवेदनसाथ तोकिए बमोजिमको बोलपत्र दस्तुर वापत (पछि फिर्ता नहुने गरी) नगदै बुझाई तानसेन नगरपालिका कार्यालयबाट कम्पनी वा फर्म सञ्चालक आफै वा निजको वारेसनामा लिई आउने व्यक्तिले खरीद गर्न सक्नेछ । विधुतीय (Electronically) बोलपत्र खरीद गर्न ईच्छुक बोलपत्रदाताले तोकिए बमोजिमका बोलपत्र दस्तुर (पछि फिर्ता नहुने) राष्टिय बाणिज्य बैक पाल्पा शाखाको आन्तरिक श्रोत खाता नं. 3030304018102 मा जम्मा गरी वा अन्य बैक वा वित्तिय संस्थाबाट उक्त खातामा जम्मा हुने Tele Transfer गरि PPMO को Website http/www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

२. खरीद भएका बोलपत्रहरु सिलबन्दी गरी मिति २०७५/०१/१० गते दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी ठेक्का नं. कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसंग खुलाई फर्मको छांप लगाई सिलबन्दी लाहा छांप गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । E-bidding मार्फत पेश गर्ने कम्पनी वा फर्म सञ्चालकहरुले PPMO को Website http/www.bolpatra.gov.np मा भएको प्रावधान अनुसार बोलपत्र पेश गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले बोलपत्र खोलेको मितिले ७ दिन भित्र प्रमाणित कागजातहरु पेश गर्नुपर्नेछ ।

३. म्याद र समयभित्र दर्ता भएका बोलपत्रहरु (E-Submitted समेत) मिति २०७५/०१/१० गते दिनको ०१.०० बजे तानसेन कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र दाखिला वा खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र दाखिला र खोल्ने कार्य हुनेछ ।

४. रीत नपुगी वा म्याद नाघि आएको र शर्त सहितको बोलपत्रलाई मान्यता दिइने छैन ।
बोलपत्रसाथ धरौटी वापत तोकिए बमोजिमको रकम तानसेन नगरपालिका कार्यालय, पाल्पाको रा.वा.वैंक पाल्पा शाखाको कार्यालय रहेको **धरौटी खाता नं.** 3030303007102 मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त बैकबाट तानसेन नगरपालिका कार्यालयको नाममा जारी गरिएको बोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको विड वण्ड (धितो जमानी पत्र) पेश गर्नुपर्नेछ ।

५. बोलपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत र छांप भएको हुनु पर्नेछ ।

६. ईच्छुक कम्पनी वा फर्म सञ्चालकहरुलाई मिति २०७४/१२/२८ गते दिनको ०२.०० बजे तानसेन नगरपालिकामा प्रिविड मिटिङ्ग आयोजना गरिनेछ ।

७. सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ साथै २०७४ (संशोधन) अनूसार तथा अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको बोलपत्रमा कुनै कारवाही हुनछैन ।

८. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको पूर्वाधार शाखामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१०. प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

| सि.नं | ठेक्का नं. | योजनाको नाम | कार्यस्थल | ल.ई. रकम -(भ्याट सहित) | धरौटी रकम् रु | बोलपत्र दस्तु[र] रकम रु |
|---|---|---|---|---|---|---|
| १. | TAN/NCB/G/PLP/05/074-075 | सौर्यउर्जा सडक बत्ती (Solar Street Light) आपुर्ति तथा जडान कार्य । | तनसेन नगरपालिकाको विभिन्न वडाहरु | ५८,१३,४९०।०० | १,५०,०००।०० | ३,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**